श्री

**उच्च अदालत जनकपुर**

संयुक्त इजलास

इजलास नं. १

माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल

माननीय न्यायाधीश श्री खेम राज भट्ट

फैसला

निर्णय नं.-३९३

मुद्दा नं.-०८०-DP-००११

रजिष्ट्रेशन नः-३६-०७७-०२०७८

**मुद्दाः- अंश दर्ता**

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ मा वस्ने स्व.पवन कुमार यादवको नावालिक छोरी ईशा यादव...........................................१
ऐ वस्ने स्व.पवन कुमार यादवको नावालक छोरा आयुष पवन यादव ...........१
संरक्षिका भई आफ्नो हकमा समेत ऐ वस्ने स्व. पवन कुमार यादवको श्रीमती रेनु कुमारी देवी...........................................................................१
ऐ वस्ने स्व.पवन कुमार यादवको छोरी सुष्मिता यादव .............................१

पुनरावेदक वादी

**विरुद्ध**

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ मा वस्ने मानेश्वर यादवको श्रीमती कारी देवी.................................................................१
ऐ बस्ने मानेश्वर यादवको छोरा राजेन्द्र कुमार यादव................................१

प्रत्यर्थी प्रतिवादी

| | |
|---|---|
| शुरू फैसला गर्ने अदालत | श्री धनुषा जिल्ला अदालत |
| शुरु फैसला गर्ने न्यायाधीश | मा.जि.न्या.श्री चित्रबहादुर गुरुङ्ग |
| शुरु फैसला मिति | २०८०।०२।२४ |
| शुरू मुद्दा नम्बर | ०७७-CP-१६५३ |
| पुनरावेदन दर्ता मिति | २०८०।०४।१० |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः**

**तथ्य खण्डः**

१. **मिति -२०७७।९।२९ को फिरादपत्र;-** मुल पूरुष मानेश्वर यादव र निजको पत्नी कारी देवीबाट १ छोरी सोना देवी र २ छोराहरु पवन कुमार यादव र राजेन्द्र कुमार यादवको जायजन्म भएको हो। मानेश्वर यादवको मृत्यु भई सकेको छ। सोना देवीको पहिला नै बिबाह भई सकेको छ। पवन कुमार यादवसँग म वादी रेनु कुमारी देवीको बिबाह भई हाम्रो दाम्पत्य जीवनबाट २ छोरीहरु सुस्मिता यादव र ईशा यादव, १ छोरा आयुष पवन यादवको जन्म भएको छ।

वादी राजेन्द्र कुमार यादव र प्रतिवादीहरु कारी देवी, पवन कुमार यादव भएको मुद्दा नं. ०७५-CP-२९१५ को अंशदर्ता मुद्दा मिति २०७६।३।२२ मा यसै धनुषा जिल्ला अदालतमा दर्ता भई मिति २०७६।४।९ गते मिलापत्र भएको छ।

मुल अंशियारहरु कारी देवी, राजेन्द्र कुमार यादव र पवन कुमार यादव रहेको, पवन कुमार यादबको अंशभागबाट अंश पाउने हामी वादीहरु रहेकोले निजहरूउपर मुद्दा नं.०७६-CP-१०२३ को अंश मुद्दा मिति २०७६।८।९ मा दायर गरी कारवाहीको अबस्था रहेको छ। उक्त अंशदर्ता मुद्दा दायर गरेपछि मिति २०७६।८।२३ गते पवन कुमार यादवको पनि मृत्यु भैसकेको छ।

मुद्दा नं.०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा मिलापत्र भएको कुरा मिति २०७७।८।२६ मा नक्कल लिई थाहा पाएको हो। उक्त मिलापत्रमा राजेन्द्र कुमार यादवको अंश भागमा करडौ मुल्य पर्ने जग्गा, कारी देवीको अंश भागमा पनि लाखौ पर्ने जग्गा पारेको तर पवन कुमार यादवको अंश भागमा भने कम असल, कमला नदी लागेको जग्गा अंश भागमा लिए दिएको छ। उक्त मिलापत्र हामि वादीहरुको अंशहकलाई प्रभाबित बनाउने उदेश्यले गरेको छ। तसर्थ, मुद्दा नं.०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा मिति २०७६।४।९ मा भएको मिलापत्र तथा सो मिलापत्रको आधारमा मालपोत कार्यालय, धनुषाबाट मिति २०७६।४।२१ मा भएको दाखिल खारेज निर्णय समेत मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ९२ बमोजिम बदर गरी पाउँ।

२. **प्रतिवादी राजेन्द्र कुमार यादवको मिति -२०७७।१२।६को प्रतिउत्तरपत्र;-** वादीले देखाएको पुस्तावलीमा कुनै विवाद छैन। मुद्दा नं.०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा हामी राजेन्द्र कुमार यादव, कारी देवी, पवन कुमार यादव बिच मिलापत्र भई अंश छुट्टएको हो। वादीहरुको पति पिता पवन कुमार यादवको अंश भागमा परेको जग्गा मध्ये केही जग्गा निजले रामकासि यादबनीलाई रू.१९,४८,८००।- मा मिति २०७६।४।१२ मा बिक्रि गरिसकेको छ। यी वादीले पवन कुमार यादवलाई बारम्बार झगडा गरी मानसिक यातना दिई पवन कुमार यादवले विष सेवन गरी आत्माहत्या गरी मृत्यु भएको हो। पवन कुमार यादवको मृत्युपछि मेरो अंश भागमा लोभ गरी प्रस्तुत मुद्दा दिएको हुदाँ खारेज गरी पाउँ।

३. **प्रतिवादी कारी देवीको प्रतिउत्तरपत्र नपरेको-** प्रतिवादी कारी देवीको नाउँमा जारी भएको इतलायनामा म्याद निज आफैले हातैमा बुझि तामेल भएकोमा सो म्यादभित्र प्रतिउत्तर नफिराई शुरु म्याद गुजारी बसेको देखिएको।

४. **प्रमाण मिसिल तथा कागजातहरुः-** प्रस्तुत मुद्दामा देहाय बमोजिमको मिसिल कागजातहरु प्रमाणमा पेश हुन आएको देखिन्छ।

- ❖ वादी राजेन्द्र कुमार यादव र प्रतिवादीहरु कारी देवी, पवन कुमार यादव भएको मुद्दा नं. ०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०७६।४।९ गते भएको मिलापत्र सहितको सक्कल मिसिल।
- ❖ मालपोत कार्यालय, धनुषाबाट मिति २०७६।४।२१ गते निर्णय भएको मि.नं.२८।०७६-०७७ को दाखिल खारेज गर्ने सम्बन्धि निर्णय सहितको सक्कल मिसिल।
- ❖ पवन कुमार यादवको मृत्यु २०७६।८।२३ मा भएको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपी।
- ❖ कारी देबीको मृत्यु २०७८।४।१५ मा भएको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपी।

५. **सुरु अदालतको मिति २०८०।२।२४ को फैसलाः-** लगाउको मुद्दाको फैसलामा लिएका आधार कारणबाट मुद्दा नं. ०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा भएको मिलापत्रले वादीहरुको हकमा प्रभावित पारेको नदेखिएकोले वादी दाबी बमोजिम सो मिलापत्र बदर नहुने ठहर्छ भन्ने सुरु अदालतको फैसला।

६. **वादीहरुको पुनरावेदनपत्रः-** मुल अंशियारहरु कारी देवी, राजेन्द्र कुमार यादव र पवन कुमार यादव रहेकोमा पवन कुमार यादवको अंश भागबाट अंश पाउँने हामी वादीहरु रहेकोमा निजहरुउपर मुद्दा नं.२०७६-Cp-१०२३ को अंश दर्ता मुद्दा मिति २०७६।८।९ मा दायर गरी कारवाहीयुक्त अवस्था रहेको छ। उक्त अंश दर्ता मुद्दा दायर गरेपछि मिति २०७६।८।२३ गते पवन कुमार यादवको पनि मृत्यु भईसकेको छ। मुद्दा नं.०७५-Cp-२९१५ को अंश दर्ता मुद्दामा मिलापत्र भएको कुरा मिति २०७७।८।२६ मा नक्कल लिई थाहा पाएको हो। उक्त मिलापत्रमा राजेन्द्र कुमार यादव र कारी देवीको अंश भागमा करोडौं मुल्यको जग्गा पारेको तर पवन कुमार यादवको अंश भागमा भने कम असल र कमला नदी लागेको जग्गा अंश भागमा लिए दिएको छ।हाम्रो पति तथा पिताले अंश लिएको जग्गाहरु रघुनाथपुर गा.वि.स वडा नं.२ग को जग्गाहरु छन। पवन कुमार यादवको अंश भागमा १० कित्ता जग्गा अंश वापत छुट्टाएको र अन्य २ जनाको नाममा १३ कित्ता जग्गाहरु अंश वापत छुट्टाएको देखिन्छ। पवन कुमार यादवको १० कित्ता जग्गाहरुबाट केही जग्गाहरु निजले आफ्नो सासु वादी रेनु देवीको आमा रामकाशी देवी यादवलाई राजिनामा गरी विक्री गरी दिएको हो। प्रतिवादी राजेन्द्र कुमार यादवले अंश पाएको बेंगाशिवपुर गा.वि.स कि.नं.३८९ र ६३६ जग्गाको हालको प्रचलित मुल्य प्रति कठ्ठा १ करोडका दरले खरिद विक्री हुने जग्गा हो। पवन कुमार यादवका नाउँमा सिराहा जिल्ला अन्तर्गतका विभिन्न जग्गा देखाए पनि ती जग्गाहरु पवन कुमार यादवका नाउँमा दर्ता नै नरहेको देखिन्छ। प्रतिवादी कारी देवीले मिलापत्रबाट अंश पाएको कि.नं.४९२ को जग्गा कारी देवीका नाउँमा दा.खा.दर्ता नभएको अंश मुद्दामा पेस भएको फाँटवारी समेतलाई विचार गर्दा राजेन्द्र कुमार यादवले अंश वापत सम्पत्ति बढी नै लिएको देखिदा सो जग्गा वादीले

अंश पाउने न्यायोचित नभएकोले सुरु जिल्ला अदालतबाट भएको फैसला बदर गरी इन्साफ प्रदान गरी उल्टी गरी पाउँ भन्ने वादीहरुको पुनरावेदनपत्र।

७. **यस अदालतको आदेशः-** यसमा धनुषा जिल्ला अदालतबाट मिति २०८०।०२।२४ मा भएको फैसला प्रमाण मुल्याङ्कनको रोहमा विचारणीय देखिदा छलफल प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २१३(३) बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि भुक्तान भएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०८०।१२।१८ मा भएको आदेश।

**ठहर खण्ड**

८. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीहरुको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताहरू विनोदकुमार शर्मा, धर्मेन्द्र शर्मा र चन्द्रकुमार शर्माले कारी देवी, राजेन्द्र कुमार यादव र पवन कुमार यादवको एकापसको मिलोमतोबाट मुद्दा नं.०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा वादीहरूको अंशहक मार्नका लागि पवन कुमार यादवको अंश भागमा कम सम्पत्ति पारी मिति २०७६।४।९ मा भएको मिलापत्र मुलुकी देवानी संहिता, २०७५ को दफा २०५ र २०६ को विपरीत रहेको छ। किनकी पवनकुमार यादवले यी वादीहरूलाई अंशमा प्रतिकूल असर पार्न न्यायोचित रूपमा आफ्नो अंश भाग बुझेका छैनन। उक्त मिलापत्रमा समान अंशियार बिच बराबर सम्पत्ति अंशबण्डा गरेको छैन। मूल अंशियारले तल्ला अंशियारको सहमति नलिई अन्य अंशियारभन्दा धेरै नै कम अंश लिन मिल्दैन। पवन कुमार यादवको अंश भागमा कम सम्पति लिई मिलापत्र गर्दा यी वादीहरुको मंजुरी लिएको अवस्था पनि छैन। यी वादीहरूको जीवन यापनको आधार पनि सोही जग्गा र पैत्रिक सम्पत्ति हुँदा वादीहरूको अंश जस्तो नैसर्गिक हकलाई प्रतिकूल असर पर्ने गरी अति कम सम्पत्ति मात्र लिएर मिलापत्र गर्न पाइदैन। अरूको अंशलाई कसैले हरण गर्न सक्दैन। यस्तो सन्तुलित र न्यायोचित रूपमा नभएको अंशको मिलापत्र बदर हुने भनी सर्वोच्च अदालतबाट धेरै मुद्दामा न्यायिक सिद्धान्त समेत प्रतिपादन भएको छ। उक्त मिलापत्र कानूनले व्यवस्था गरेको समानताको सिद्धान्त विपरीत भएकोले दुषित र जालसाजीपूर्ण हुँदा स्वतः वदर हुने अवस्थाको रहेकोले त्यस्तो मिलापत्र वदर नगर्ने सुरू फैसला नमिलेकोले उल्टि हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

९. प्रत्यर्थी प्रतिवादीहरूका तर्फबाट उपस्थित वरिष्ठ विद्धान अधिवक्ताद्वय श्याम कुमार मिश्र र देवेन्द्र ठाकुर निरालाले राजेन्द्रकुमार यादवले दिएको मुद्दा नं. ०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा राजेन्द्र कुमार यादव, कारी देवी र पवन कुमार यादवको बिचमा अंश लिने दिने गरी मिति २०७६।४।९ मा भएको मिलापत्र कानून बमोजिम भएको छ। यी वादीहरूको पतिपिता पवन कुमार यादवको अंश भागमा १० कित्ता ससिम जग्गा परेको छ। पवन कुमार यादवको अंश भागमा परेका जग्गाहरुमध्ये लाखौं मूल्यका केही जग्गाहरु पवनकुमार यादवले वादी रेनु कुमारी देवीको आमा र पवन कुमार यादवको सासु रामकाशी देबी यादवनीलाई पटक पटक राजिनामा गरी बिक्रि गरिसकेको छन्। बाँकी सिराहा जिल्लाको कल्याणपुर र गौतारीको कतिपय जग्गाहरू पवनकुमार यादवले मिलापत्रमा उल्लेख

नगरी निजकै नाउँमा रहेका छन्। राजेन्द्रकुमार यादवको आफ्नो अंश भागमा परेको जग्गा बैकको धितोमा रोक्का रहेकोले निज आफैले पचास लाख रूपैया तिरी फुकुवा गराएका हुन्। राजेन्द्रकुमार यादवले अंश मुद्दा दर्ता गर्दा र मिलापत्र गर्दा सम्म पवनकुमार यादव र निजको श्रीमती वादी रेनुकुमारी विच विवाद रहे भएको देखिदैन। पवनकुमार यादवका लोग्ने स्वास्नी मिलेर राजेन्द्रकुमार यादवलाई सताएका हुन्।पवन कुमार यादवले पाएको जग्गाबाट वादीहरुले अंश पाउने नै हो। अघिल्ला पुस्ताका राजेन्द्र यादव, कारीदेवी र पवन कुमार यादवले आफ्नो अंश भाग लिई मिलापत्र गर्दा तल्लो पुस्ताका वादीहरुको मंजुरी लिनु पर्ने पनि होईन। मुलुकी देवानी संहिता, २०७४ को दफा २१९ले सोबमोजिम अनुमति दिएको छ।तसर्थ, वादी दावीको मिलापत्रले वादीहरुको अंशहकमा कुनै प्रभावित नपारेकोले सुरू फैसला मिलेको हुँदा सदर हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

१०. उपर्युक्त तथ्य, पुनरावेदन जिकिर एवं बहस बुँदा रहेको प्रस्तुत मुद्दामा सुरु अदालतको फैसला मिलेको छ छैन? वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

११. निर्णयतर्फ विचार गर्दा, मुल पुरुष मानेश्वर यादव र निजको पत्नी कारी देवीबाट १ छोरी सोना देवी र २ छोराहरु पवन कुमार यादव र राजेन्द्र कुमार यादवको जायजन्म भएको, मानेश्वर यादवको मृत्यु भईसकेको, सोनादेवीको पहिला नै बिबाह भई सकेको र पवन कुमार यादवसँग म वादी रेनु कुमारी देवीको बिबाह भई हाम्रो दाम्पत्य जीवनबाट २ छोरीहरु सुस्मिता यादव र ईशा यादव, १ छोरा आयुष पवन यादवको जन्म भएकोमा कारी देवी, राजेन्द्र कुमार यादव र पवन कुमार यादवउपर चलेको मुद्दा नं. ०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा विपक्षीहरू विच मिति २०७६।४।९ मा भएको मिलापत्रबाट वादीहरूको अंश हकमा प्रतिकूल प्रभाव पारेकोले उक्त मिलापत्र वदर गरी पाउँ भन्ने वादी दाबी रहेकोमा मुद्दा नं. ०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा भएको मिलापत्रले वादीहरुको अंश हकमा प्रभावित पारेको नदेखिएकोले वादी दाबि बमोजिम मिलापत्र बदर नहुने ठहऱ्याई सुरु जिल्ला अदालतबाट भएको फैसलामा चित्त नबुझाई वादीहरूको प्रस्तुत पुनरावेदन पर्न आएको देखियो।

१२. प्रमाणमा पेस भएको मिसिल र कागजातहरूबाट राजेन्द्रकुमार यादव वादी तथा कारीदेवी र पवनकुमार यादव प्रतिवादी भई धनुषा जिल्ला अदालतमा चलेको मुद्दा नं.०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा मिति २०७६।४।९ मा वादी प्रतिवादीहरू विच अंश लिनुदिनु गरी मिलापत्र भएको र सो मिलापत्रको आधारमा मालपोत कार्यालय, धनुषाबाट मिति २०७६।४।२१ मा दाखिल खारेज निर्णय समेत भएकोमा विवाद देखिएन। उक्त मुद्दाका वादी प्रतिवादीले मिलापत्रबाट अंश वापत लिनु दिनु गरेको सम्पत्ति मिलापत्र गर्नु पूर्व सगोलको सम्पत्ति रहे भएकोमा विवाद देखिएन।सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि पति, पत्नि, बाबु, आमा, छोरा, छोरी अंशियार मानिने भन्ने मुलुकी देवानी संहिता, २०७४ को दफा २०५ ले व्यवस्था गरेको र प्रत्येक अंशियार अंशको समान हकदार हुने भन्ने व्यवस्था सोही संहिताको दफा २०६(१) ले गरेको देखियो। अंश हक अंशियारको

नैसर्गिक र जन्मजात हक हो भन्ने हिन्दू विधिशास्त्रीय मान्यतमा उक्त कानूनी व्यवस्था आधारित रहेको भन्ने देखियो।

१३. अब उक्त कानूनी व्यवस्था र हिन्दू विधिशास्त्रीय मान्यताबमोजिम उक्त मिति २०७६।४।९ मा भएको मिलापत्र सन्तुलित, समान र न्यायोचित छ वा छैन? सो मिलापत्रले वादीहरूको हकहितमा प्रतिकूल असर परेको अवस्था हो वा होइन? वादी दावीबमोजिम उक्त मिलापत्र बदर हुने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा मुद्दा नं.०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा मिति २०७६।४।९ मा वादी प्रतिवादीहरू विच अंश लिनुदिनु गरी मिलापत्र गर्दाको समयमा मानेश्वर यादवको मृत्यु भएकोले मानेश्वर यादवकी श्रीमती कारीदेवी तथा मानेश्वर यादव र कारीदेवीका छोराहरू वादी राजेन्द्रकुमार यादव र प्रतिवादी पवनकुमार यादव तीन जना मात्र मूल अंशियार रही तीनै जना समान अवस्थाका अंशियार रहे भएको भन्ने देखियो। सगोलको सम्पत्तिमा उक्त कानूनी व्यवस्था बमोजिम तीनै जना अंशियारको समान वा वरावर अंश हक हुने देखियो।

१४. प्रस्तुत मुद्दामा मुख्य रूपमा समान अवस्थाका अंशियारहरू राजेन्द्रकुमार यादव र पवनकुमार यादव विच भएको मिति २०७६।४।९को मिलापत्रबाट अंश लिनुदिनु गर्दा वादीहरूको पति पिता पवनकुमार यादवले राजेन्द्रकुमार यादवको तुलनामा अत्यन्त न्यून अंश लिएबाट आफूहरूको अंशहकमा प्रतिकूल असर परेको भन्ने वादीहरूको फिराद तथा पुनरावेदन जिकिर देखियो। उक्त मिलापत्रमा वादीहरूको पति तथा पिता पवनकुमार यादवले समान अवस्थाका अर्का अंशियार राजेन्द्रकुमार यादवसरह समान अंश पाएको वा लिएको अवस्था देखिन्छ वा देखिदैन भन्ने सम्बन्धमा विचार गर्दा उक्त मिलापत्रमा उल्लिखित सम्पत्तिको मूल्यको आधारमा राजेन्द्रकुमार यादवको अंशभागमा जम्मा रू ८५,४४,८७५। वरावरको सम्पत्ति, कारीदेवीको अंश भागमा जम्मा रू १,१२,५००। वराबरको सम्पत्ति र पवनकुमार यादवको अंश भागमा जम्मा रू २६,६५,९५०।बराबरको सम्पत्ति अंशवापत लिनुदिनु गरी मिलापत्र गरेको भन्ने देखियो। सो मिलापत्रअनुसार समान अवस्थाका अंशियार राजेन्द्रकुमार यादवले अंशवापत पाएको भन्दा एक तिहाइभन्दा कम सम्पत्ति वादीहरूको पति पिता पवनकुमार यादवले अंश वापत लिएको देखियो। सोबमोजिम पवनकुमार यादवले राजेन्द्रकुमार यादवले भन्दा कम सम्पत्ति लिनुपर्ने कारण मिलापत्रमा उल्लेख भएको देखिएन। उक्त मिलापत्रमा कारीदेवीले अन्य दुई अंशियारले भन्दा कम सम्पत्ति अंशवापत लिएको देखिएतापनि सो सम्बन्धमा कसैको कुनै उजुरी परेको नदेखिदा सो सम्बन्धमा थप विवेचना गर्नुपर्ने देखिएन।

१५. प्रत्यर्थी प्रतिवादी राजेन्द्रकुमार यादवको तर्फबाट उपस्थित विद्धान बरिष्ठ अधिवक्ताहरूले पवनकुमार यादवको नाउँमा मिलापत्रमा उल्लेख भए बाहेकको सिराहा जिल्लाको अन्य जग्गा रहेको र राजेन्द्रकुमार यादवले मिलापत्रबाट आफ्नो अंश भागमा परेको सम्पत्ति सगोलको ऋणमा बैकको धितोमा रोक्का रहेकोले राजेन्द्रकुमार यादवले पचास लाख रूपैयाभन्दा बढी रूपैयामा बैकलाई तिरी बुझाइ उक्त जग्गा फुकुवा गराएकोले सो रकम समेत हिसाव गर्दा पवनकुमार यादव र राजेन्द्रकार यादव विच समान सम्पत्ति अंशमा परेको भन्ने जिकिर सम्बन्धमा विचार गर्दा सिराहा जिल्लाको जग्गा पवनकुमार यादवको अंश भागमा परेको भन्ने उक्त मिति २०७६।४।९ को मिलापत्रमा उल्लेख भएको देखिदैन भने उक्त मिलापत्रमा

नदेखाई पवनकुमार यादवले दपोट गरेको भन्ने राजेन्द्रकुमार यादवको उजुरी दावी पनि देखिदैन। यस्तै उक्त मिलापत्रबाट आफ्नो अंशमा परेको सम्पत्ति राजेन्द्रकुमार यादवले मिलापत्र गरेपछि आफ्नो निजी सम्पत्ति तिरी बैंकबाट फुकुवा गरेको भन्ने प्रमाण पेस गर्न सकेको देखिदैन। साथै प्रतिवादी राजेन्द्रकुमार यादवले यस बिषयमा प्रतिउत्तरपत्रमा जिकिर नलिएको र सुरू फैसलामा चित्त बुझाई पुनरावेदन समेत नगरेबाट पुनरावेदन तहमा बहसको क्रममा लिएको जिकिरलाई प्रमाणमा ग्रहण गर्न मिल्ने पनि देखिएन।

१६. उक्त मिति २०७६।४।९ को मिलापत्रमा वादीहरूका पति पिता पवनकुमार यादवले समान अवस्थाका अर्का अंशियार राजेन्द्रकुमार यादवसरह समान अंश नलिई कम अंश लिनुपर्ने आधार कारण समेत उक्त मिलापत्रमा उल्लेख भएको देखिएन। पवनकुमार यादवले आफ्नो अंश आंशिक रूपमा लिई वा नलिई वा अंशवापत केही नगदी वा जिन्सी मात्र लिई अंश छोडपत्र गर्नसक्ने अधिकार मुलुकी देवानी संहिता, २०७४ को दफा २१५(१) ले प्रदान गरेको भएतापनि त्यसरी कम अंश लिई मिलापत्र गर्दा सोही दफाको उपदफा (२) बमोजिम पवनकुमार यादवले वादी रेनुकुमारी देवी यादव र मिलापत्र गर्दा उमेर पुगेकी छोरी वादी सुस्मिता यादवसमेतका अंशियारको मञ्जुरी लिनुपर्नेमा लिएको भन्ने पनि देखिएन। हाम्रो कानूनले पैतृक सम्पत्तिलाई अंशियारले जन्मजात हकका रूपमा समान अंश पाउने हकलाई स्वीकार गरेको अवस्थामा पवनकुमार यादवको उक्त कार्यबाट वादीहरूको हकमा प्रत्यक्ष असर पुगेको देखियो।

१७. यस सम्बन्धी न्यायिक अभ्यास हेर्दा सर्वोच्च अदालतले तुलसीदेवी कुँवर समेत विरूद्ध हिरालाल कुँवरसमेत भएको मुद्दामा "अंश हक अंशियार भएको नाताले स्वतः प्राप्त गर्ने हक हुँदा यसरी स्वतः प्राप्त गर्ने अंश जस्तो नैसर्गिक कानूनी हकलाई निष्कृय वा संकुचित पार्ने गरी भएको कुनै लिखतले कानूनी मान्यता प्राप्त गर्न नसक्ने" भन्ने व्याख्या भएको छ।[1] पाँचकन्या प्रजापतीसमेत विरूद्ध हरिचन्द्र प्रजापतीसमेत भएको अर्को मुद्दामा "पैतृक सम्पत्तिमा बाबु, आमा, लोग्ने र श्रीमतीले जथाभावी गरी अंशियारहरूमध्ये कसैलाई काखा र कसैलाई पाखा राख्ने गरी पैतृक सम्पत्तिको बाँडफाँड र हक हस्तान्तरण गर्न मिल्दैन। यसो गर्दा बाबु आमाले आफूले पैत्रिक वा स्वआर्जन जुनसुकै तरिकाबाट आर्जन गरेको भए पनि सन्ततिको लागि पैत्रिकसरह हुन्छ भन्ने कुरा पनि हेक्का राख्नु पर्दछ, अंशबन्डा गर्दा सबै अंशियारहरूलाई बराबर हुने गरी गर्नुपर्ने हुन्छ, सम्पत्तिको मूल्याङ्कन, क्षेत्रफल, बनोट, प्रकृति आदि तथ्यको आधारमा व्यावहारिक हुने गरी सम्पत्तिको बाँडफाँड गरिदिनु न्यायोचित हुन्छ। अंश बन्डाको महलको मुख्य मकसद पैतृक सम्पत्तिको न्यायोचितरूपमा बराबर बाँडफाँड हुनुपर्ने हो" भनी व्याख्या भएको देखिन्छ।[2] प्रविणकुमार झासमेत विरूद्ध राखीकुमारी झा भएको मुद्दामा "अंशको हक सगोलका अंशियार भएको नाताले स्वतः प्राप्त गर्ने हक हुँदा अंश जस्तो नैसर्गिक कानूनी हकलाई कुनै प्रक्रियाबाट निष्क्रिय वा सङकुचित पार्ने गरी भएका कुनै लिखतले कानूनी मान्यता प्राप्त गर्न नसक्ने, परिवारको एक सदस्यको अंश मार्ने उद्देश्यले आफ्नो पतिबाट पाउने सम्पत्तिलाई अस्वाभाविक रूपमा कम गरी भएको मिलापत्र कानून

[1] नेकाप २०६८, नि.न ८६९०

[2] नेकाप २०७३ चैत्र नि.नं ९७२५

एवम् न्यायोचित नदेखिने, व्यक्तिको नैसर्गिक हकलाई निष्क्रिय वा संकुचित गरी हक अधिकारबाट वञ्चित गराउनका लागि भएको मिलापत्रले कानूनी मान्यता प्राप्त गर्न नसक्ने" भनी व्याख्या भएको देखियो।[3]

१८. यस्तै विक्कीरत्न शाक्यसमेत विरूद्ध कुलरत्न शाक्यसमेत भएको मुद्दामा "सगोलको सम्पत्तिमा अंशियार र तिनका सन्तानहरूको समेत हक र हित रहने हुनाले सगोलको सम्पत्तिमाथि प्रथम पुस्ताका अंशियारहरूले मात्रै आफूखुसी गर्न पाउने सम्पत्तिको रूपमा लिन मिल्ने हुँदैन। प्रथम वा अघिल्ला पुस्ताका अंशियारले आफ्नो अंश हक छुट्ट्याउने नाममा अंश नलिने गरी वा पाउने हिसाब शान्ति नलिई वा अति कम लिई निजको सम्पत्तिमा हक लाग्ने सन्तानहरूको हक मेटिने परिणाम सिर्जना गर्दछ र त्यसमा निजहरूको मञ्जुरी लिइएको छैन भने त्यसको भिन्न कानूनी परिणाम रहने, अघिल्लो पुस्ताको अंशियार भएको नाताले जसरी पनि प्रभाव पार्न पाइन्छ भन्ने कुरा कानून, न्याय र विवेकसङ्गत हुँदैन, त्यसैले अंशियारहरूबीच अंश लिनुदिनु गर्दा अंशियारले कानूनबमोजिम भागशान्ति लिए पाएको छ वा छैन र त्यसबाट तिनका आआफ्नो सन्तानमा असर पर्न गएको छ वा छैन भन्ने कुरा हेर्न जरूरी हुन्छ" भन्ने व्याख्या भएको छ।[4] यस्तै झिग्मी पलवर विष्टसमेत विरूद्ध डिकी पललवर विष्टको मुस गर्ने कर्साङँ लवाङ भएको मुद्दामा "अंशसम्बन्धी हक नैसर्गिक हक रहेको र पति पिताले अंश हक परित्याग गर्दैमा श्रीमती छोराछोरीको अंश हक समाप्त नहुने" भनिएको छ।[5] गणेशभक्त श्रेष्ठसमेत विरूद्ध गीता श्रेष्ठ भएको मुद्दामा "अंश प्राप्त गर्नेले कानूनले निर्धारण गरेबमोजिम अंश पाएको हुनुपर्छ, सगोलको सम्पत्ति हस्तान्तरण गर्ने वा घटी बढी गर्ने गरी खडा भएको लिखतमा सम्बन्धित अंशियारको समेत मन्जुरी भएको अवस्थामा मात्र त्यस्तो लिखत निजको विरूद्धमा लागू हुन सक्ने हुन्छ। अंशियारको मन्जुरीबिना खडा गरिएको लिखतमा विवाद परे त्यसको औचित्यभित्र प्रवेश गरी हेर्नु नै न्यायसम्मत मान्नुपर्ने हुन्छ" भनी व्याख्या भएको छ।[6]

१९. यस्तै विष्णुमाया मगर्नीसमेत विरूद्ध लक्ष्मी क्यापछाकीको हकमा संरक्षिका भई आफ्नो हकमा समेत डुकुमाया क्यापछाकी भएको मुद्दामा "अंशबण्डाको व्यवस्थाले कुनै अंशियारलाई आफ्नो भाग अंश पूर्ण वा आंशिकरूपमा परित्याग गर्न रोक नलगाएको भए पनि नियोजित र दुराशययुक्तरूपमा आफूपछिका अंशियारलाई निरंशी बनाउने उदेश्यले अंश हक परित्याग गर्न छुट दिएको भन्ने देखिदैन। सन्तानले आफ्नो बाबुआमाबाट नै अंश पाउने भएतापनि सगोलको सम्पत्तिमाथि प्रथम पुस्ताका अंशियारहरूको मात्रै आफूखुसी गर्न पाउने सम्पत्तिको रूपमा लिन मिल्ने देखिँदैन। पितापुर्खाको पालाको सम्पत्तिबाट अंशियारका सन्तानहरूले अंश पाउने हुनाले प्रथम वा अघिल्ला पुस्ताका अंशियारले कानूनबमोजिम भागशान्ति न्यायोचितरूपमा पाउने भई सो यथार्थमा पनि लिए पाएको हुन जरूरी हुन जाने हुन्छ"

[3] नेकाप २०७८ असोज, नि.नं १०६८९

[4] नेकाप २०७१ फागुन, नि.नं ९२७९

[5] नेकाप २०७३, नि.न ९६२४

[6] नेकाप २०७१ असोज, नि.नं ९१८९

भनिएको छ।[7] नानु लामा विरूद्ध सोममाया लामासमेत भएको मुद्दामा "अघिल्ला पुस्ताका अंशियारले आफ्नो अंश हक छुट्याउने नाममा अंश नलिने गरी वा अति कम सम्पत्ति लिई निजको सम्पत्तिमा हक लाग्ने सन्तानहरूको हक मेटिने परिणाम सिर्जना गर्न नमिल्ने" भनी व्याख्या भएको देखिन्छ।[8] प्रस्तुत मुद्दाको बिषयवस्तु जस्तै समान विषयवस्तु रहेको राजपति देवी साह तेलीनसमेत विरूद्ध गीतादेवीसमेत भएको मुद्दामा "अंशजस्तो नैसर्गिक हक कुनै अंशियारले त्याग गर्दा सो त्याग गर्नुपर्ने आधार र कारण मनासिब, तर्कसङ्गत र न्यायपूर्ण देखिनुपर्ने हुन्छ। सगोलको कुनै पनि अंशियारले अंश मुद्दा दायर गरेपछि आफ्नो अंश हकको सम्पत्तिमा निर्भर रहने वा त्यस्तो मुद्दा दायर गर्ने व्यक्तिको हक हिस्साको सम्पत्तिबाट मात्र बन्डा पाउने बाँकी अंशियारको अंश हकलाई सीमित वा संकुचित गर्ने गरी मिलापत्र गर्नुलाई न्यायको दृष्टिकोणबाट उचित मान्न सकिदैन। त्यस्तो कार्यलाई अन्य अंशियारलाई मर्का पार्ने गरी दूषित मनसायबाट गरिएको अनुचित कार्य मान्नुपर्ने हुन्छ। यस प्रकारको मिलापत्रका आधारमा अंश हकजस्तो अधिकारबाट अन्य अंशियारलाई वञ्चित गर्नु न्यायसङ्गत नहुने" भनी व्याख्या भएको छ।[9]

२०. उल्लिखित कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको आधारमा अंश हक व्यक्तिको नैसर्गिक हक भएकोले जहिलेसुकै र जुनसुकै अवस्थामा पनि अंशियारलाई न्यायोचित अंश पाउने हकबाट वञ्चित गर्न मिल्ने देखिएन। तल्लो पुस्ताको अंश हकमा प्रतिकूल असर पर्ने गरी नाम मात्रको वा समान अवस्थाका अन्य अंशियारको तुलनामा अत्यन्त न्यून वा असमानुपातिक रूपमा न्यून अंश लिने कार्यलाई न्यायोचित मान्न मिल्ने देखिएन। प्रस्तुत मुद्दामा कानून वमोजिम पैत्रिक सम्पत्तिमा बरावर हकहिस्सा अंश पाउने पवनकुमार यादव र राजेन्द्रकुमार यादव दुई दाजुभाइ वीचको अंश मुद्दाको मिलापत्रमा देखिएको असमान सम्पत्तिको बाडफाँड न्यायोचित भन्न सकिएन। त्यस्तो मिलापत्रले मान्यता पाउने देखिएन। यसर्थ मुद्दा नं.०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा वादी प्रतिवादीहरू विच अंश लिनुदिनु गरी मिति २०७६।४।९ मा गरेको मिलापत्र र सो आधारमा भएको दाखिल खारिजको निर्णय बदर हुनुपर्नेमा बदर नहुने गरी गरेको सुरू धनुषा जिल्ला अदालतको फैसला मिलेको देखिएन।

२१. तसर्थ, माथि विवेचित आधार कारण समेतबाट राजेन्द्र कुमार यादवले कारी देवी समेतउपर धनुषा जिल्ला अदालतमा दायर गरेको ०७५-CP-२९१५ को अंशदर्ता मुद्दामा उक्त मुद्दाका वादी प्रतिवादीहरु बीच भएको मिति २०७६।०४।०९ को मिलापत्र बदर हुने ठहरी लगाउको ०८०-CP-०००९ को मिलापत्र बदर मुद्दामा आजै यसै इजलासबाट फैसला भएकोले सुरु धनुषा जिल्ला अदालतको मिति २०८०।०२।२४ को फैसला नमिलेकोले उल्टी हुने तथा अंशियार मध्येकी कारी देवीको मृत्यु भईसकेको भन्ने देखिदा पुनरावेदक वादीहरुले मिति २०७६।०४।०९ को मिलापत्रमा उल्लिखित सम्पत्तिबाट २ भागको १ भाग अंश पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

---

[7] नेकाप २०७३, नि.नं ९६६६

[8] नेकाप २०७६ मार्ग नि.नं १०३२६

[9] नेकाप २०७९ साउन निनं १०८५२

## तपसिल

- माथि इन्साफ खण्डमा लेखिएबमोजिम सुरू धनुषा जिल्ला अदालतको फैसला उल्टी भएकोले सुरू फैसलाले राखेको लगत कट्टा गरी यस फैसलाबमोजिम वादीहरूले देहायको सम्पत्तिबाट २ भागको एक भाग अंश पाउने ठहरेकोले सोको लगत राखी कानूनबमोजिम फैसला कार्यान्वयन गर्नु भनी सुरू अदालतमा लेखी पठाउनू..............१

| **जिल्ला** | **दर्तावाला** | **न.पा.** | **वडा.नं.** | **कि.नं.** | **क्षेत्रफल** | **किसिम** | **मोल रु.** |
|---|---|---|---|---|---|---|---|
| धनुषा | कारी देवी | जनकपुर | ४ | १६० | ०-१-५-० | वर्ग-ग | ४३१२५००/- |
| धनुषा | कारी देवी | नकपुर | ४ | ४२ | ०-०-१३-१ | वर्ग-ग | २२८५६२५/- |
| **जिल्ला** | कारी देवी | **गा.वि.स** | **वडा.नं.** | **कि.नं.** | **क्षेत्रफल** | **किसिम** | **मोल रु.** |
| धनुषा | कारी देवी | बेंगाशिवपुर | ३(क) | ३८९ | ०-६-४ | दोयम | ३१००००/- |
| धनुषा | कारी देवी | बेंगाशिवपुर | ३(क) | ६३६ | ०-७-१२ | दोयम | ३८००००/- |
| धनुषा | कारी देवी | हरिहरपुर | ३(क) | ५२२ | ०-२-५ | अबल | १६८७५०/- |
| धनुषा | कारी देवी | हरिहरपुर | ३(क) | ३७९ | ०-२-०१/२ | अबल | १५१८७५/- |
| धनुषा | कारी देवी | हरिहरपुर | ३(क) | ३८० | ०-१-१ | अबल | ७८७५०/- |
| धनुषा | कारी देवी | हरिहरपुर | ३(क) | १८३ | ०-३-११/२ | अबल | २३६५००/- |
| धनुषा | कारी देवी | हरिहरपुर | ३(क) | ४०१ | ०-३-११/२ | अबल | २३६५००/- |

| **जिल्ला** | **दर्तावाला** | **गा.वि.स** | **वडा.नं.** | **कि.नं.** | **क्षेत्रफल** | **किसिम** | **मोल रु.** |
|---|---|---|---|---|---|---|---|
| धनुषा | पवन कु यादव | हरिहरपुर | ३(क) | ९८९ | ०-४-०-० | दोयम | २५००००/- |
| धनुषा | पवन कु यादव | हरिहरपुर | ३(क) | ८२८ | ०-१-११/२ | अबल | ८०६२५/- |
| **जिल्ला** | **दर्तावाला** | **गा.वि.स** | **वडा.नं.** | **कि.नं.** | **क्षेत्रफल** | **किसिम** | **मोल रु.** |
| धनुषा | पवन कु यादव | रघुनाथपुर | २(ग) | ७३ | ०-७-१० | दोयम | ४६५०००/- |
| धनुषा | पवन कु यादव | रघुनाथपुर | २(ग) | १०२ | ०-२-५ | सिम | १३९५००/- |
| धनुषा | पवन कु यादव | रघुनाथपुर | २(घ) | १४५ | ०-४-८ | दोयम | २७२८००/- |
| धनुषा | पवन कु यादव | रघुनाथपुर | २(ग) | २०४ | ०-३-१८ | दोयम | २४१८००/- |
| धनुषा | पवन कु यादव | रघुनाथपुर | २(ग) | ३१ | ०-२-१० | दोयम | १५५०००/- |
| धनुषा | पवन कु यादव | रघुनाथपुर | २(ग) | २०८ | ०-३-११/२ | दोयम | १९०६५०/- |
| धनुषा | पवन कु यादव | रघुनाथपुर | २(ग) | २१० | ०-६-६ | दोयम | ३९०६००/- |
| धनुषा | पवन कु यादव | रघुनाथपुर | २(ग) | २१२ | ०-२-८ | दोयम | १४८८००/- |
| धनुषा | पवन कु यादव | रघुनाथपुर | २(ग) | २१४ | ०-८-२ | दोयम | ५०२२००/- |
| धनुषा | पवन कु यादव | रघुनाथपुर | २(घ | ३९३ | ०-२-१७ | सिम | १५९६००/- |
| जिल्ला | **दर्तावाला** | गा.वि.स | वडा.नं. | कि.नं. | क्षेत्रफल | किसिम | मोल रु. |
| धनुषा | पवन कु यादव | हरिहरपुर | ३(क) | ४९२ | ०-१-१० | अबल | ११२५००/- |

| **जिल्ला** | **दर्तावाला** | **गा.वि.स** | **वडा.नं.** | **कि.नं.** | **क्षेत्रफल** | **किसिम** | **मोल रु.** |
|---|---|---|---|---|---|---|---|
| धनुषा | राजेन्द्र कु यादव | नगराईन | ९(ख) | २९६ | ०-२-३ | सिम | ५३७५०/- |

- वादीहरूले सुरू अदालतमा अदालती शुल्कवापत जम्मा रू.१,०००।-मात्र दाखिल गरेको देखिदा निजहरूले अंश पाउने ठहरेको माथि उल्लिखित सम्पत्तिको कानूनबमोजिम लाग्ने अदालती शुल्क हिसाव गरी सो रकमको कानून बमोजिमको नपुग अदालती शुल्क र सोको १५ प्रतिशत हुने अदालती शुल्क समेत फैसला कार्यान्वयनको क्रममा वादीबाट असूलउपर गर्नू र वादीले दाखिल गरेको अदालती शुल्क प्रतिवादीबाट वादीलाई भराई दिनु भनी सुरू अदालतमा लेखी पठाउनू..........२
- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनू..........................३
- फैसलाको प्रतिलिपि साथै राखी सुरु मिसिल धनुषा जिल्ला अदालतमा फिर्ता पठाइ दिनू.......................................................................................४
- प्रस्तुत फैसलालाई विद्युतीय प्रणालीमा अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु..................................................................५

(श्रीकान्त पौडेल)
**मुख्य न्यायाधीश**

उक्त रायमा सहमत छु।

(खेम राज भट्ट
**न्यायाधीश**

***फैसला लेखनमा सहयोग गर्ने***
इजलास अधिकृतः- सुनिल कुमार चौहान
टाइप गर्ने :- चाँदनी शर्मा
इति सम्वत् २०८१ साल पौष महिना २८ गते रोज १ शुभम् ................................।

प्रमाणीकरंण मितिः- २०८१।१०।        न्यायाधीश        अदालतको छाप